नेपाल सरकार
शिक्षा मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि, परीयोजना,बुद्धनगर काठमाडौको
**छपाइ गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

सूचना प्रकाशित मिति :- २०७२।०८।०७

यस परियोजजनको लागि चालु आ.व. ०७२।७३ को छपाई कार्य सिलवन्दी दरभाउपत्रको प्रकृयावाट गर्नु पर्ने भएकोले आयकर तथा मूल्य अभिवृद्धिकरमा दर्ता भएको योग्य (पीन्टङ प्रेस भएको सम्वन्धित आधिकारिक निकायवाट प्रमाणपत्र प्राप्त) इच्छुक फर्म, कम्पनी वा संस्थावाट निम्एनानुसार शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फाराम रु. ३००।- (फिर्ता नहुने) तिरी यस परियोजना को खरिद इकाई वाट खरिद गर्नु पर्नेछ। दरभाउपत्र फाराम प्राप्त गर्नको लागि कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यबसाय दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र र आ.व. ०७०।७१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र लिखित निवेदन पेश गर्नु पर्नेछ। प्रतिलिपि कागजातहरु ऋनिवार्य रुपमा नोटरी पव्लिकवाट प्रमाणित भएको हुनु पर्नेछ ।

२. यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिन १२.०० वजे भित्र यस परियोजनको खरिद इकाईमा दर्ता गरी सक्नु पर्नेछ ।

३. दरभाउपत्रको जमानत वापत कानुनी मान्यता प्राप्त वैक तथा निर्दिस्ट ढाचामा जारी थरीएको कम्तीमा ३ महिना म्याद भएको विडवण्ड वा रु २५००० निम्न खातामा जम्मा गरीएको सक्कल भैचर सिलवन्दी दरभाउपत्र साथ संलग्न राखि पेश गर्नु पर्नेछ ।

खातावालाको नामः कोष तथा लेखा नियन्त्रक कार्यालय समन्वय कार्यालय थपाथली ।

कार्यालयको कोड नं. २७/३५०/१५

बैंकको नामः नेपालष्ट्र बैंक, थपाथली

धरौटी खाता नं. १२०१२००००१००२५२४

४. सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात सिलवन्दी दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ ।

५. म्याद भित्र दर्ता हुन आएका दरभाउपत्रहरु १६औं दिन दिनको १४.०० वजे परियोजनाको भवन वृध्दनगरमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

६. दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो पछि क्रमशः कार्यालय खुलेको दिनलाई मानिनेछ ।

७. विल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार जम्मा कवोल रकम उल्लेख गरी सो रकममा भ्याट समेत जोडी कुल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

८. रीत नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर स्पस्ट नभएको तथा सिलवन्दी दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दर्ता हुन आएका कुनै पनि दरभाउपत्रहरु स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस परियोजनामा सुरक्षित रहनेछ ।

१०. एक पटक पेश भएको सिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

११. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस परियोजनाको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ

१२. यो सूचना परियोजनाको सूचना पाटी तथा वेवसाईटमा पनि हेर्न सकिने छ ।